२०७७ सालको कार्यविधि नं. ५

कार्यपालिकाबाट पारित मिति :- २०७७/०९/२३

प्रमाणीकरण मिति :- २०७७/१०/०५

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७७

कपिलवस्तु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तौलिहवा,कपिलवस्तु

२०७७

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति (गठन तथा परिचालन) कार्यविधि २०७७

**कार्यपालिकाबाट पारित मिति :- २०७७/०९/२३**

**प्रमाणीकरण मिति :- २०७७/१०/०५**

**परिचयः**

मानव बेचविखन तथा ओसारपसार कार्य (नियन्त्रण) ऐन २०६४ जुन विशेष ऐनको रुपमा रहेको छ । यसै ऐन र नियामावली तथा निर्देशिका अनुसार विगतमा केन्द्रीय समिति , जिल्ला समिति र स्थानीय समितिहरु गठन तथा परिचालन गरी रोकथाम, संरक्षण, निरोधलगायतका कार्य गर्दै आएको छ । यसै क्रममा समन्वय र सहकार्यलाई पनि उच्च प्रथामिकताका साथ मानव बेचविखन तथा ओसारपासरलाई नियन्त्रण गर्ने विविध कार्यहरु गरिरहेको छ । विगतमा स्थानीय तहका समितिहरु स्थानीय सरकारी निकायबाट बजेट निकासा गर्री निरोध सम्बन्धी काम गर्न सफल भएका थिए ।

नेपालको संविधान २०७२ अनुसार नेपाल संघीयता प्रणाली अनुरुप ७ प्रदेश मार्फत स्थानीय स्तरलाई धेरै भन्दा धेरै जिम्मेवारीहरु प्रदान गर्दै अगाडि बढेको हामीसबैलाई सर्वविदितै छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा २९ मा उल्लेखित शोषण विरुद्धको हकको उपधारा ३ मा कसैलाई पनि बेचविखन गर्न दास वा बाँधा बनाउन पाइने छैन र कसैलाई पनि निजको इच्छाविपरीत काममा लगाउन पाइने छैन भनी स्पष्ट उल्लेख गरिएको छ ।

नेपाल राज्यको पुरानो संरचनामा बनेका समिति तथा उपसमितिहरु हालको अवस्थामा अस्तित्वमा नरहेको र संघीय राज्यको व्यवस्था मुताबिक स्थानीय सरकार सञ्चालन ऐन २०७४ अर्न्तगत स्थानीयतह सञ्चलान हुदै आइरहेका छन् । उक्त ऐनको धारा १४ मा स्थानीय सरकारले विभिन्न विषयगत समिति उपसमितिहरुको गठन गर्न सक्ने व्यवस्था छ । नेपाल सरकारद्धारा संचालित हाम्रो सम्मान परियोजना मानव बेचविखन न्यूनिकरण गर्ने परियोजना नेपाल सरकार र अमेरिकन तथा बेलायति सरकार संगको संयुक्त सम्फौता भएको परियोजना अर्न्तगत यस कपिलबस्तु गनरपालिकाद्धारा मानव बेचविखन तथा ओसारपसार विरुद्धको नगरपालिका र वडास्तरका समितिहरुको गठन प्रक्रियाको बारेमा यो निर्देशिका तयार परिएको हो ।

***समितिको नामः*** *नगरपालिका स्तरीमानव बेचविखनविरुद्धको समिति*

**समितिको संरचना**

| | |
|---|---|
| **संयोजक** | प्रमुख , नगरपालिका वा ( निजले तोकेको व्यक्ति) |
| **सदस्य** | न्यायिक समितिको संयोजक |
| **सदस्य** | प्रमुख, स्थानीय प्रहरी कार्यालय |
| **सदस्य** | प्रधानध्यापक, स्थानीय तहभित्रका सबैभन्दा उच्च तहको विद्यालय |
| **सदस्य** | बालक्लब |

| | |
|---|---|
| **सदस्य** | प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र |
| **सदस्य** | संयोजक, रोजगार सेवा तथा सुचना केन्द्र |
| **सदस्य** | प्रमुख, शिक्षाविकास शाखा, |
| **सदस्य** | प्रमुख, कृषि तथा पशुविकास शाखा |
| **सदस्य** | नेपाल उद्योग वाणिज्य महासंघ (पालिका स्तरिय) |
| **सदस्य** | स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना |
| **सदस्य** | मानव बेचविखन तथा ओसारपसार पीडित व्यक्तिहरुमध्येबाट सम्बन्धित स्तानीय तहले मनोनीत गरेका एक जना सदस्य (उपलब्ध भएसम्म) |
| **सदस्य सचिव** | शाखाप्रमुख, महिला बालबालिका तथा सामाजिक विकास सँग सम्बन्धित शाखा |

***नगरपालिका स्तरीय मानव बेचबिखनविरुद्धको समितिको काम, कर्तव्य र अधिकार :***

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
- मानव बेचबिखन तथा ओसारपसारसंग सम्बन्धित सथानीयतहमा लगत तथा अभिलेख अद्यावधिक गर्ने
- पीडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तरस्थानीय तह समन्वय तथा सिफारिसको कार्य गर्ने ।
- स्थानीय स्तरमा पीडित सहायता तथा मानव बेचविखन विरुद्धका कार्यक्रमहरु सञ्चालन गर्न मानव बेचविखन विरुद्धको कोष स्थापना र सञ्चालन गर्ने
- स्थानीय तहमा सभा सदस्यता तथा सरोकारवालाहरु माझ मानव बेचविखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने
- स्थानीय स्तरका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैसस तथा निजि क्षेत्रसँग सहकार्य र समन्वय गर्ने
- प्रत्येक वडामा वडा अध्यक्ष वा तोकिएको सदस्यको संयोजकत्वमा मानव बेचविखन विरुद्धको वडास्तरीय मिति गठन र परिचालन तथा सबलीकरण गर्ने ।
- पालिकास्तरीय समितिको बैठक बार्षिक न्यूनतम ६ पटक र आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्न सक्नेछ ।
- पालिकामा रहेका रोजगार प्रवर्द्धन, महिला विकास, बालअधिकार प्रवर्द्धन , कृषिविकास, पशु विकास वा यस्तै समुदायमा केन्द्रित कार्यक्रमहरुलाई पीडित तथा जोखिम क्षेत्रका बासिन्दाहरुलाई लक्षित गरी सञ्चालन गर्ने ।

**समितिको नाम : *वडास्तरीय मनव बेचविखन विरुद्धको समिति***

**समितिको सांचना**

| | |
|---|---|
| **संयोजक** | अध्यक्ष, वडास्तरीय वा ( निजले तोकेको व्यक्ति) |
| **सदस्य** | महिला प्रतिनिधि , वडास्तरीय |
| **सदस्य** | सिमान्तकृत तथा दलित समुदायबाट महिला |
| **सदस्य** | महिला समूह/किशोरी समूह |
| **सदस्य** | बालक्लब |
| **सदस्य** | प्रधानाध्यापक, स्थानीय तहभित्रका सबैभन्दा उच्च तहको विद्यालय |
| **सदस्य** | प्रमुख, स्थानीय स्वास्थ्य सेवा केन्द्र |
| **सदस्य** | स्थानीय प्रहरी कार्यालय |
| **सदस्य** | स्थानीय तहमा क्रियाशील संघ संस्थाका प्रतिनिधि १ जना |
| **सदस्य** | मानव बेचविखन तथा ओसारपसार पीडित व्यक्तिहरुमध्येबाट सम्बन्धित स्तानीय तहले मनोनीत गरेका एक जना सदस्य (उपलब्ध भएसम्म) |
| **सदस्य सचिव** | शाखा प्रमुख, महिला बालबालिका तथा सामाजिक विकास सँग सम्बन्धित शाखा |

***वडास्तरीय मनव बेचविखन विरुद्धको समितिको काम, कर्तव्य र अधिकार:***

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध स्थानीय अभियान तथा कार्यक्रमहरु सञ्चालन गर्ने,
- स्थानीय तहमा सभा सदस्यता तथा सरोकारवालाहरु माफ मानव बेचविखनका विविध विषयमा प्रशिक्षण तथा क्षमता विकास गोष्ठी सञ्चालन गर्ने
- वडास्तरीय समितिको बैठक बार्षिक न्यूनतम ६ पटक र आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्न सक्नेछ ।
- आफ्नो कार्यक्षेत्र भित्र पीडितको उद्धार तथा संरक्षणको व्यवस्था गर्दै, पीडित सहायताका लागि आवश्यक अन्तर्निकाय तथा अन्तर स्थानीयतह समन्वय तथा सिफारिसको कार्य गर्ने ।